नीति निर्माताहरुलाई आवश्यक पर्ने बुँदाहरु

मानव जगतको लागि जीवनोपयोगी प्रणालीलाई एक्काइसौं शताब्दीमा जोगाइराख्नको लागि वैज्ञानिक समुदाय एकमत

मानव गतिविधिहरुले सिर्जना गरेको अत्यासलाग्दो हानीले गर्दा पृथ्वी जोखिमको विन्दुमा पुगेको छ । जैविक जगतसँग मानव जातिको अन्तरक्रियालाई विभिन्न तरिकाबाट अध्ययन गरेका हामी वैज्ञानिकहरु मानिसहरुले आफ्नो पर्यावरणीय जीवनोपयोगी प्रणालीको नाश गरिरहेको यथेष्ट प्रमाण भएकोमा सहमत छौं ।

यदि हामीले हालको शैलीलाई हेरफेर नगरी हिड्ने हो भने सन् २०५० सम्ममा मानव जातिको जीवनको गुणस्तरमा उच्च गिरावट आउनेमा पनि हाल उपलब्ध उत्तम वैज्ञानिक जानकारीको आधारमा हामी सहमत छौं ।

विज्ञानले तल उल्लिखित क्षेत्रहरुमा मानव गतिविधिप्रति स्पष्ट रुपमा गम्भीर चासो दर्शाउँछ :

- जलवायु परिवर्तनद्वारा सिर्जित अवरोध – मानव जातिको शुरुवात भएदेखिको भन्दा बढी तथा चाँडो चाँडो जलवायु परिवर्तन हुनेछन् ।
- जीवहरुको लोप हुने अवस्था – डाइनोसर लोप भएपछिको समयक्रममा जल तथा स्थल क्षेत्रहरुमा यति धेरै प्रजातिहरुको यति छोटो समयमा विनाश भएको थिएन ।
- विविधताले भरिएको पर्यावरणीय प्रणालीहरुको समूल नष्ट – पृथ्वीको हिउँ नभएको जमिनको ४० प्रतिशत भूभागमा हामीले खनजोत गर्ने, बाटो बनाउने वा अन्य कुनै परिवर्तन गरेका छौं । साथै जमिन तथा समुद्रको कुनै पनि भूभाग हाम्रो प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावबाट बाहिर छैन ।
- प्रदूषण – जल, वायु तथा जमिनमा रहेका वातावरणीय प्रदूषकहरु पहिले कहिल्यै नदेखिएको स्तरमा छन् र यी तत्वहरुले मानिस तथा वन्यजन्तुलाई नदेखिने गरी हानी पुर्याइरहेका छन् ।
- जनसंख्या वृद्धि तथा मानिसहरुको उपभोग शैली – हाल सात अर्ब रहेको विश्व जनसंख्या सन् २०५० सम्ममा साँढे नौ अर्व पुग्ने सम्भावना छ । सम्पन्न र मध्यम वर्गीय व्यक्तिहरुले गर्ने अधिक उपभोगले पृथ्वीमा झन् बढी दवाब पार्नेछ ।

हालका बालबालिकाहरु प्रौढ अवस्थामा पुग्दा मानव जातिको अस्तित्व तथा प्रगतिको लागि एकदमै महत्वपूर्ण रहेको पृथ्वीको जीवनोपयोगी प्रणालीमा मानवीय गतिविधिहरुले पुर्याएको वातावरणीय दवाबको कारणले ठूलो तथा विश्वव्यापी तहमा क्षति पुर्याउने छ । त्यसलाई रोकथाम गरी दीगो तथा उच्च गुणस्तरको भविष्य सुनिश्चित गर्नको लागि हामीले तत्कालैबाट ठोस कार्य प्रारम्भ गर्नुपर्दछ ।

चित्र: चेङ (लिली) ली

जलवायु परिवर्तनको जैविक तथा सामाजिक प्रभावहरुको आँकलन गर्ने वैज्ञानिक समुदायको सदस्यका रुपमा हामी संसारभरका मानिसहरुलाई यो चेतावनी दिइरहेका छौं । मानवताको निरन्तर स्वास्थ्य तथा प्रगतिको लागि व्यक्ति, व्यवसाय, राजनैतिक तथा धार्मिक नेतृत्व, वैज्ञानिकहरु तथा हरेक क्षेत्रका व्यक्तिहरु सबै मिली आजैबाट यी पाँच समस्या समाधान गर्न कदम चाल्नुपर्छ :

१ जलवायु परिवर्तनद्वारा सिर्जित अवरोध, २ जीवहरुको लोप हुने अवस्था, ३ विविधताले भरिएको प्रर्यावरणीय प्रणालीहरुको विनाश, ४ प्रदूषण, ५ जनसंख्या वृद्धि तथा स्रोतहरुको उपभोग